# यौनक्रियाद्वारा सक्रमित रोगहरु

## एसटीडी प्रति चिकित्सक ‘टी ’ को  परामर्श

ग़ोनोरिया र क्लामिडिया (द क्ल्याप)

- जीवाणुद्वार सक्रमण हुन्छ; सक्रमित व्यक्तिसित यौन संसर्ग भएको केही दिन वा केही सातापछि संक्रमण शुरु हुन्छ।
- पुरुषलाई रोग लागेको लक्षणमा उसको लिंगको टुप्पोबाट तरल (पीप) निक्लन शुरु हुन्छ; पिशाब गर्दा कष्ट हुन्छ। यो बिमारीको लक्षण खुबै तीब्र, वा धेरै हल्का वा लक्षण पटक्कै नदेखिने पनि हुन सक्छ।
- स्त्रीहरुमा खुबै हल्का लक्षण वा कुनै लक्षण नहुन पनि सक्छ। तर चिकित्सा नभएको खण्डमा यो विमारी गम्भीर बनिएर पनि जान सक्छ। (पी आई डी)। रोग बिग्रेर गएमा महिला रोगीले नानी जन्माउन असमर्थ हुन जान्छन् ।
- यी रोगहरुलाई औषधि  सेवन गर्दा पूर्णतौरले निको हुन सक्छ।

दाद

- बिषाणुद्वारा सक्रमण हुनेे यसलाई उपचार गर्न पनि सकिन्छ तर यसबाट पूर्णरुपले छुटकारा पाउन सकिन्दैन।
- यो बिमारीको लक्षण हो दादरोगले पिड़ीत व्यक्तिसित यौन क्रिया गरेको तीन दिनदेखि दश दिनभित्रमा पानी फोकाहरु शरीरभरि फैलन्छ अनि त्यसपछि छालाको छिद्रहरु देखा पर्छन्; मसिना खटिराहरुमा पछिबाट पाप्रा लाग्छ। दाद को घाउ पहेंलो शुरु फोफालामा बादमा  दाररे वा पपड़ीमा फैलिन हन्छ ।
- ५ देखि १५ दिनभित्रमा घाउ निको हुन्छ अनि बिलाएर जान्छ।
- जीवाणु शरीरमा बस्ने छ अनि त्यसपछि घाउ फेरि देखा पर्छ अनि घाउ देखा पर्ने क्रम दोहोरिरहन्छ।
- महिलाहरुमा दाद बिमारी भएको थाहा पाउन सकिन्दैन। यसको घाउ महिलाहरुको जननांगभित्र रहेको हुनसक्छ।

*-आफैलाई रक्षा गर, कन्डोम प्रयोग गर्न नभुल*

जनेन्द्रमा गाँठो

- जीवाणु (वाइरस) (द हुमन पापिलोमा वाइरस वा एच पी भी) बाट हुन सक्छ।
- संक्रमित व्यक्तिसित यौन क्रिया भएको एक महीना वा एक वर्ष भित्रमा शरीरको कुनै भागमा मुसा (गाँठो) देखा पर्छ।
- महिलामा प्राय: यसको लक्षण देखिन्दैन किनभने यसको जीवाणु उसको जननांगभित्र लुकेर बसेको हुन सक्छ। यो जीवाणुको आकार एकद्मै सानोे भएकोलेे पुरुषको गुप्ताङ्गमा पनि देख्न सकिंदैन। गाँठोको जांच गर्नलाई सिर्काको ढक्कनको प्रयोग गर्न सकिन्छ।
- महिलामा बिमारी गम्भीर हुन सक्छ कारण  यो गाँठो घांटीको कैंसर बनिन सक्छ।
- यो  उपचार  *गर्न* सकिन्छ। महिलाको नयो यौन संसर्ग भएको बाद पेप (PAP) को प्रयोग गर्नु होस्।

सिफिलिस

- सिफिलिस ब्याक्टेरिया (जीवाणु) द्वारा हुन्छ ; संक्रमित व्यक्तिसित यौन संसर्ग गरेको तीन सातादेखि तीन महीना भित्रमा घाउ देखा पर्छ।
- यो घाउ छालामा दुलो भएर फैलिन सक्छ। यिनीहरु सामान्यत: नदुख्ने प्रकारका हुन्छन्।
- केही हप्ताभित्रमा यी घाउहरु लुप्त हुन्छन् तर जीवाणु शरीरभित्र रहने हुनाले यो रोग सम्पूर्ण शरीरमा फोका भएर देखा पर्छ।
- फोकाहरू हराएर जान्छ तर जीवाणुले पछिबाट शरीरको अन्य अंगहरुलाई आक्रमण गर्न सक्छ।
- सिफिलिसलाई पेनिसिलिनले कुनै पनि स्तरमा निको पार्न सक्छ।
- महिलाहरुमा यो फोका योनीमा लुकेर बस्न सक्छ।

*--एस टी डीलाइ रोकथाम गर्न सकिन्छ।*

जननांग र पुरुष अंगमा हुने चुनजुम्रा (गंगटा )

- अति सुक्ष्म (१/८ इन्ची ) फुस्रो वा खरानी रंगको जुम्रा योनिक्षेत्रको रौंहरुमा बस्छ अनि चिलाउँछ।
- कुनै तरल औषधिहरुलाइ प्रभावित क्षेत्रमा प्रयोग गरी यसलाई निको पार्न सकिन्छ।

*लुतो :-*

- यौन इन्द्रियको रौंहरूमा हुने जुम्रा जस्तै यो उडुस जातीय प्राणी खुबै सानो र आँखाले देख्न नसकिने हुन्छन् अनि छाला भित्र रहन्छ।
- यिनीहरुले सम्पुर्ण शरीरभरि मसिना मसिना चिलाउने फोका बनाउँछन्।
- यी चुनजुम्राहरुलाइ मार्न पुरा शरीरमा तरल पदार्थको औषधिको लेप लगाउनु पर्छ।
- लुगाफाटा, च्यादरहरू र तौलियाहरुलाई प्रयोगपछि राम्ररी धोइपखाली गर्नपर्छ ताकि यी चुन्जुम्राहरु सम्पूर्ण रुपले नाश होस्।

*भगशोथ :-*

- जननांगमा संक्रमण भएपछि यसबाट तरल पदार्थ निस्कन्छ; यो कोही कोही बेला दुर्गन्धयुक्त हुन्छ र चिलाउने गर्छ।
- यो बिमारी गोनोरिया, क्लामिडिया वा खमीर जातीय रोगको किटाणुद्वारा हुन्छ। जननांगभित्र रहेको ट्रिकोमोनास वा ब्याक्टेरियाबाट पनि यो बिमारी हुन्छ।
- यसरी यौनाङ्गबाट निस्केको तरलालाई अनुविक्षण यंत्रको सहायताले परिक्षण गरि किटाणु छ छैन त्यो थाहा पाउन सकिन्छ।
- किटाणुको लक्षण थाहा पाए पछि उचित औषधिको प्रयोग गर्दा यो रोगलाई निको पार्न सकिन्छ।

पहेंलो फींजद्वारा संक्रमण

- ढुड़ीमा रहेका किटाणुहरूद्वारा संक्रमण हुन्छ।
- पुरुषहरुको लिंगको छाला रातो भइ चिलाउने गर्छ।
- महिलाहरुमा तिनीहरुकाे जननांगबाट बाक्लो सेतो चिलाउने पदार्थ निस्कन्छ।
- यसलाई मलहम र खाने औषधीद्वारा निको पार्न सकिन्छ।

*हेपाटाइटिस :-*

- कलेजोलाई असर पार्ने डरलाग्दो रोगः
- जरो, भुँड़ी दुख्ने, थकान, आँखा र छाला पहेंलो हुने र पिशाब कालो हुने गर्छ।

- बिश्रामद्वारा निको पार्न सकिन्छ। यसलाई निवारण गर्न सूई (इन्जेक्शन) पनि प्राप्त छ।

एड्स (अन्तर्निहित क्षमता अभाव लक्षण -एस टी डी ) एच आइ भी रोग

- सबैभन्दा डरलाग्दो रोग मानिएको एस टी डीलाई एच आइ भी बिषाणुद्वारा संक्रमण हुन्छ। यस रोगले शरीरको कुनै पनि भागलाई रोगको किटाणुको आक्रमण थाम्न नसक्ने अशक्त र पंगु बनाउंछ।
- संक्रमण भएको पहिलो बर्षमा यसको कुनै लक्षण हुंदैन र एच आइ भी रगत जांच गरेर मात्र पुरुष वा महिलालाई एड्स भएको थाहा पाउन सकिन्छ।
- यस रोगले दश बर्ष भित्रमा मृत्यु गरांउछ। तर यस रोगको निवारणको निम्ति राम्रो उपचारहरु उपलब्ध छ।

एड्स एउटा रोकथाम हुने रोग हो। यो यौन संसर्ग  वा लागू औषधि वा सूई सराबरी चलाउनाले संक्रमण हुन्छ।

यो सूचना दिइएको मुख्य उद्देश्य तपाईंहरुलाई केही सामान्य यौन संक्रमण रोगबारे जानकारी दिनु हो।

याद राख्नुहोस्, यी रोगहरुलाई निको गर्न सकिन्छ। यदि तपाईंले यौन सम्बन्ध बनाउनु भएन भने यो रोग तपाईंलाई लाग्ने छैन।

यदि तपाई यौन सम्बन्ध बनाउनु चहानुहुन्छ भने सुरक्षित यौन सम्बन्ध गाँस्ने नियमहरुको पालन गर्नु होस्।

कुनै प्रकारको यौन सम्बन्ध बनाउँदा सँधैनै कन्डोमको प्रयोग गर्नु होस्।

धेरै जसो एस टी डीहरुको विस्तार मौखिक मैथुन र अप्राकृतिक मैथुनद्वारा हुन्छ। यौन सम्बन्ध बनाउने साथीहरुको संख्यालाई सीमित राख्नु होस्।

सँधैं नियन्त्रित रहनु होस्।

सँधैं याद राखनु होस्, रक्सी वा लागू औषधिले तपाईंलाई नराम्रो स्थितिमा पारेर कुनै अनैतिक काम गर्न बाध्य गराउँछ।

आफू अनि आफ्नो साथीको स्वस्थ्य परीक्षण (डाक्टरी ) जांच गराउनु होस्।

यदि तपाईंको वा तपाईंको यौन सहयोगीमा दाग वा कुनै असाधारण लक्षण देखा परेको खण्डमा झट्टै कुनै डाक्टर वा स्वास्थ्य परीक्षकसित सम्पर्क गर्नुहोस् ; सल्लाह गर्नुहोस्।

एस टी डी बारे अरु पूर्ण जानकारीको लागि हेल्थ ऐवारनेस  कोनेक्सन को वेब साइड हेर्नुहोस्।

रोबेर्ट टेलरद्वारा प्रस्तुत
रोबेर्ट टेलर एम. डी.
1755 बेकन पथ,
ब्रुक्लिन, एम. ए 03445।
www.roberttaylonmd.com
Copy right 1998